कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# <u>नेपाल सरकार (कार्य विभाजन) (दोस्रो संशोधन) नियमावली, २०८०</u>

<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>

२०८०।८।७

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपालको संविधानको धारा ८२ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको कार्य विभाजनको लागि देहायका नियमहरू बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "नेपाल सरकार (कार्य विभाजन) (दोस्रो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ मा संशोधनः</u>** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ (यसपछि "मूल नियमावली" भनिएको) को अनुसूची-२ को,-

(१) क्रमसङ्ख्या १० को भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको बुँदा नं. १६ को सट्टा देहायको बुँदा नं. १६ राखिएको छः-

"१६. पोड वे, स्काई रेल, स्काई ट्रलिबस, जलमार्गलगायत वैकल्पिक यातायातसम्बन्धी नवीन प्रविधिको पहिचान, अध्ययन, नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन;"

(२) क्रमसङ्ख्या १८ को सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको बुँदा नं. ७ झिकिएको छ।

(३) क्रमसङ्ख्या २० को सहरी विकास मन्त्रालय अन्तर्गतको बुँदा नं. ३ पछि देहायको बुँदा नं. ३क. थपिएको छः-

"३क. फोहोरमैला व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजीकरण;"

३. **<u>खारेजीः</u>** मूल नियमावलीको नियम ७ खारेज गरिएको छ।